# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७८।०७९
च.नं. ३५०३

मिति: ०७८।०२।१८

श्री सम्वन्धित सामुदायिक विद्यालय तथा शिक्षक सबै
राप्ती नगरपालिका,चितवन।

विषय: शिक्षकको छुट प्राविधिक ग्रेड रकम माग गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. ६६२ मिति २०७८।१।१३ को पत्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं.३७७ मिति २०७८।१।३० को पत्रको आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं. २००,मिति २०७८।०२।०९ मा जारी परिपत्र अनुसार बि.स. २०५७ साल श्रावण १ भन्दा अघि स्थायी नियुक्ति लिइ हाल कार्यरत र अबकास प्राप्त शिक्षकहरुले खाइपाइ आएको प्राविधिक ग्रेड सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट २०७६।१।१५ मा रिट नं ०७३-wo-0742उपर भएको आदेश कार्यान्वयन गर्न गराउन भनि लेखि आएकोले सम्बन्धित विद्यालयहरुले उक्त छुट प्राविधिक ग्रेड सुविधाको लागि तपसिलमा उल्लेखित शर्त अनुसारयोग्य त्यस विद्यालयमा कार्यरत एवम् त्यस विद्यालयबाट २०७३ श्रावण पछि अबकास प्राप्त शिक्षक ( आवस्यक कागजात सहित यस नगरपालिकामा निवेदन पेश भएका मध्ये)हरुको आदेश बमोजिमको अवधिको लागि छुट प्राविधिक ग्रेड २(दुई) साविक तलब बृद्धिका दरले हुन आउने एकमुष्ठ रकम २०७८ जेठ मसान्त भित्र माग गर्नका लागि सम्बन्धित शिक्षक,विद्यालय र प्रधानाध्यापकहरुमा जानकारी सहित अनुरोध छ।

शम्भुप्रसाद पौडेल
नगर शिक्षा अधिकारी

**प्राविधिक ग्रेड प्राप्त गर्ने आधार र प्रक्रियाहरु:**

१) २०५७ साल आषाढ मसान्तसम्म तालिम प्राप्त गरि स्थायी नियुक्ति लिइ २०७३ असार मसान्त सम्म प्राविधिक स्केल खाइपाइ आएका र २०७३ श्रावण यता कार्यरत रहेका वा सेवा निबृत शिक्षकहरु।

२) हाल बहाल नरहेका तर २०७३।४।१ भन्दा अघिनियुक्ति भएका समान तह तथा समान वा फरक श्रेणिमा नै कार्यरत **( माध्यमिक तह प्रथम श्रेणि भन्दा बाहेक )** एवम् अबकास प्राप्त शिक्षक ।तर उक्त सुविधा प्राप्त निज शिक्षकले २०७३ श्रावण १ गतेदेखि यता अर्को तहमा स्थायी नियुक्ति लिएको भए नियुक्ति लिनु अगावैको मिति सम्म अवधिको लागि ग्रेड प्रदान गर्न बाधा पर्ने छैन।

**छुट प्राविधिक ग्रेड दर र रकम एवम् गणना अवधि :-**

- छुट प्राविधिक ग्रेड दर र रकम :- आ. ब. २०७३/ ७४ र पश्चात प्रचलित तलब स्केलको एक दिन बराबरको दरले २ ग्रेडले (साविक ग्रेड अनुसारको भुक्तानी रकम घटाई वा कटाई ) हुने एकमुष्ठ रकम ।

क्रमशः

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np

Scanned with CamScanner

- गणना अवधि:-कार्यरत शिक्षकको हकमा २०७३ श्रवण देखि २०७८ असार मसान्त र अवकास प्राप्त शिक्षकको हकमा २०७३ श्रावण देखि निज शिक्षकले अवकास पाएको वा लिएको मितिसम्म।

३) २०५७।४।१भन्दा अघि शिक्षा शास्त्र बिषयमा न्युनतम शैक्षिक योग्यता हासिल गरेका अथवा न्युनतम शैक्षिक योग्यता सहित तालिम प्राप्त तपसिल बमोजिमका शिक्षकहरु

**प्राथमिक शिक्षकको हकमा:-**

- सेवाकालिन आधारभुत तालिम(१० महिने) वा सो सरह पुरा गरेको
- ४०० पुर्णाङ्कको शिक्षा विषय लिइ एस.एल.सी.वा सो सरह उत्तिर्ण गरेको

**निम्न माध्यमिक शिक्षकको हकमा:-**

- शिक्षा विषय लिइ आई एड वा सो सरह उत्तिर्ण गरेको
- सेवाकालिन १० महिने तालिम वा सो सरह पुरा गरेको

**माध्यमिक शिक्षकको हकमा:-**

- बि.एड वा शिक्षा बिषय लिई स्नातक तह उत्तिर्ण गरेको

४)यसै आ.ब. मा रकम भुक्तानि गर्नुपर्ने भएकोले विद्यालयले बुदाँ नं ३ बमोजिमका कागजातहरु रुजु र प्रमाणित गरि शिक्षकले पाउने रकम प्रस्ताव गरि माग फाराम भरेर निकाशाको लागि नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने।

(५) उपरोक्तानुसारको छुट प्राविधिक ग्रेड पाउन सक्ने शिक्षकले देहाएको कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिने।

(क) बि.सं. २०५७।४।१ भन्दा अघि नै स्थायी नियुक्ति भएको नियुक्ति पत्रको र बढुवा भएको भए बढुवा पत्रको फोटोकपि।

ख) २०५७।४।१ भन्दा अगाडि तालिम प्राप्त भएको प्रमाणपत्रको फोटोकपी।

ग) अवकास प्राप्त शिक्षकको हकमा माथि(क) (ख) का अतिरिक्त अबकास पत्रको फोटोकपि

(घ) तोकिएको आधार प्रक्रिया पुरा गरि पर्न आएका निवेदनलाइ विद्यालयले प्रमाणित गरि २०७८ जेठ मसान्त भित्रमा शिक्षा,युवा तथा खेलकुद शाखा राप्ती नगरपालिकामा पेस गरि सक्नुपर्ने छ।

नोट: थप जानकारीको लागि शिक्षा,युवा तथा खेलकुद शाखा राप्ती नगरपालिकामा सम्पर्क गर्नुहुन।

Scanned with CamScanner